जिल्ला सरकारी वकील कार्यालय
दुनै, डोल्पा

पत्र संख्याः ०८१।०८२
चलानी नं. ९३८

मितिः २०८१।०८।२१
ने.सं. ११४४ थिंलाथ्व ५ शुक्रबार

**विषयः सहायक कम्प्युटर पदमा अपरेटर करारमा पदपुर्ति गर्ने सम्बन्धमा ।**
**(प्रथम पटक प्रकाशित २०८१।०८।२१)**

प्रस्तुत विषयमा यस कार्यालयमा कार्यरत सहायक कम्प्युटर अपरेटर श्री राज कुमार योगीको श्री सहकारी विभाग नयाँ वानेश्वर काठमाण्डौमा सरुवा भएकोले यस कार्यालयको मिति २०८१।०८।२१ गतेको निर्णयानुसार अर्को व्यवस्था नभएसम्मका लागि यस कार्यालयको सहायक कम्प्युटर अपरेटर पद संख्या-१ (करार) का लागि महान्यायाधिवक्ताको कार्यालयको च.नं. १०४९ मिति २०८१।०८।१७ गतेको पत्रानुसार स्थायी पदपुर्ति भई आएमा स्वतः नरहने गरी २०८२ असार मसान्त सम्मको लागि सहायक कम्प्युटर पदमा सेवा करारको लागि लिनुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले सुचना प्रकाशन भएको मितिबाट ७ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको निस्सा सहित यस कार्यालयको प्रशासन शाखामा निवेदन दिनुहुन अनुरोध छ । दरखास्त फाराम यस कार्यालयको Website: www.dgao.dolpa@ag.gov.np वा attorneyoffice.dolpa@gmail.com तथा यस कार्यालयबाट कार्यालय समयमा प्राप्त गर्न सकिनेछ ।

| क.सं. | विज्ञापन नं. | पद | तह | पद संख्या |
|---|---|---|---|---|
| १ | ०१-०८१/०८२ | सहायक कम्प्युटर अपरेटर | रा.प. अनं. द्वितीय श्रेणी वा सो सरह | १ (एक) |

**आवश्यक न्यूनतम योग्यताः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई एस.एल.सी./एस.ई.ई. तह उतिर्ण वा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी./एस.ई.ई. तह उतिर्ण गरी रजिष्टर्ड संस्थाबाट कम्तीमा ३ महिनाको कम्प्युटर तालिम प्राप्त वा +२ मा मुल विषय कम्प्युटर लिई उतिर्ण गरेको ।
**परीक्षा दस्तुरः-** ४०० ( चार सय रुपैया मात्र) यस कार्यालयको लेखा शाखामा बुझाउनु पर्ने छ ।
**पाठ्यक्रमः-** लोकसेवा आयोगबाट सहायक कम्प्युटर अपरेटरका लागि तोकिएको पाठ्यक्रम ।
**दरखास्त बुझाउने स्थानः-** यस कार्यालयको प्रशासन शाखामा स्यंम उपस्थित भएर तोकिए बमोजिमको फारम भरी कार्यालय समय भित्र पेश गर्न सकिनेछ।
**छनौटको किसिमः-** बढीमा ५ जनासम्म प्रारम्भिक योग्यताक्रमको सुची प्रकाशन गरिने, प्रारम्भिक योग्यताक्रमको सुचीमा छनौट भएका उम्मेदवरलाई मात्र वस्तुगत, लिखित परीक्षा, प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता लिईनेछ ।
**दरखास्त दिने अन्तिम मितिः-** २०८१।०८।२६ गते शुक्रबार कार्यालय समयसम्म । दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट कार्यालय खुल्ने समयमा बुझाउन सकिनेछ ।
**उमेर हदः-** दरखास्त दिने अन्तिम मितिमा कम्तीमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्ने ।
**दरखास्त फाराम साथ संलग्न गर्नुपर्ने कागजातहरुः-** उम्मेदवार स्वंयमले प्रमाणित गरेको देहाय बमोजिमका कागजातहरुः-

- नेपाली नागरिकताको प्रतिलिपी थान- १ ।
- हालसालै खिचिएको पासपोर्ट साइजको फोटो- २ प्रति ।
- न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपी थान -१ ।
- कार्य अनुभव खुल्ने कागजात ।

**सेवासुविधाः-** नेपाल सरकारको रा.प.अनं. द्वितीय श्रेणीको कर्मचारीको सुरु तलब स्केल सरह हुनेछ ।
**परीक्षा मितिः-** पछि प्रकाशित गरिनेछ ।
**सम्पर्कका लागिः-**
कार्यालयको टेलिफोन नं. ०८७५५००६०
कार्यालय प्रमुखः- ९८५८३९००६१
सुचना अधिकारीः- ९८५८३६६८८०
नोटः- असहाय, अपाङ्ग, महिला, स्थानीय वा माथिल्लो तहको शैक्षिक योग्यता भएकालाई बिशेष प्राथमिकता दिईनेछ ।

**पुनश्चः थप जानकारीको लागि कार्यालयको प्रशासन शाखामा सम्पर्क राख्नुहोला ।**

..............................
**(गोविन्द बहादुर शाही)**
**सहायक जिल्ला न्यायाधिवक्ता**